# चौंरीदेउराली गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
ढाँडखर्क भञ्ज्याङ, काभ्रेपलाञ्चोक

**बागमती प्रदेश, नेपाल**

पत्र संख्या : २०७६/०७७
चलानी नं. :

मितिः२०७७/०३/१९

<u>सामाजिक सुरक्षा परिचयपत्र नवीकरण सम्बन्धि अत्यन्त जरुरी सूचना।</u>

प्रस्तुत विषयमा सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम ९ मा सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गर्नुपर्ने व्यवस्था भए बमोजिम यस गाउँपालिकाभित्रको सबै वडाहरुमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले सम्बन्धित वडा कार्यालयमा उपस्थित भै तोकिएको ढाँचामा निवेदन दिई **आ.व.२०७७/०७८ को श्रावण मसान्तभित्र** अनिवार्य रुपमा आफनो सामाजिक सुरक्षा परिचयपत्र नविकरण गराउनु हुन सूचित गरिन्छ। वालवालिका वा आफै उपस्थित हुन नसक्ने व्यक्तिको हकमा निजको आमा, बाबु, माथवर वा संरक्षकले निवेदन दिन सक्नेछ।

<u>सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गर्न आउँदा ल्याउनुपर्ने कागजातहरु/वडा सचिवले संकलन गर्नुपर्ने कागजातहरु:</u>

- नागरिकता प्रमाणपत्रको प्रतिलिपी,
- हालसालै खिचिएको पासपोर्ट साईजको २ प्रति फोटो,
- वालवालिकाको हकमा जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपि,
- सम्बन्ध विच्छेद गरी अर्को विवाह नगरेकी महिलाको हकमा सम्बन्ध विच्छेद दर्ताको प्रमाणपत्रको प्रतिलिपि र अर्को विवाह नगरेको प्रमाण,
- विधवा महिलाको हकमा पतिको मृत्यु दर्ताको प्रमाणपत्रको प्रतिलिपि
- न्यायिक पृथकीकरण गरी बसेकी महिलाको हकमा न्यायिक पृथकीकरण भएको प्रमाण,
- विवाह नगरेको महिलाको हकमा वडाको सिफरिस पत्र,
- अपाङ्गता भएको व्यक्तिको हकमा गाउँपालिकाबाट जारी भएको अपाङ्गता परिचयपत्रको प्रतिलिपि
  सामाजिक सुरक्षा परिचयपत्र नवीकरण निवेदनको ढाँचा यसै सूचना साथ संलग्न छ।

महान दास लामा
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

# सामाजिक सुरक्षा परिचयपत्र नविकरण गर्ने निवेदनको ढाँचा

मिति:२०७७/ /

श्री वडा अध्यक्षज्यू

वडा......,चौरीदेउराली गाउँपालिका

काभ्रेपलान्चोक जिल्ला, बागमती प्रदेश।

विषय: सामाजिक सुरक्षा परिचयपत्र नविकरण गराई पाउँ।

उपरोक्त विषयमा सामाजिक सुरक्षा नियमावली,२०७६ को नियम ९ मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले प्रत्येक आ.व. को श्रावण मसान्तभित्र नविकरण गरिसक्नुपर्ने प्रावधान बमोजिम आगामी आर्थिक वर्षमा पनि सामाजिक सुरक्षा भत्ता पाउनको लागि देहायको विवरण सहित यो दरखस्त पेश गरेको छु। मैले राज्यकोष तथा विदेशी सरकारबाट निवृत्तिभरण तथा मासिक पारिश्रमिक, पेन्सन वा यस्तै प्रकारको अन्य कुनै पनि सुविधा पाएको छैन। व्यहोरा ठीक साँचो हो, झूट्टा ठहरे प्रचलित कानून वमोजिम सहुँला बुझाउँला।

**सामाजिक सुरक्षा भत्ताको किसिम: (उपयुक्त कुनै एकमा चिन्ह लगाउने)**

ज्येष्ठ नागरिक/पूर्ण अपाङगता (क बर्ग)/अतिअशक्त अपाङगता(ख वर्ग)/असहाय एकल महिला/विधवा/दलित वालवालिका

**निवेदकको**

दस्तखत:

लाभग्राहीको नाम,थर:

ठेगाना:

लिङ्ग :

परिचयपत्र नं. :

बाजेको नाम:

बाबुको नाम:

आमाको नामः

सम्पर्क नम्वरः

<u>वालवालिकाको वा अपाङ्गताको हकमाः</u>

जन्मदर्ताः

संरक्षको नाम,थरः

संरक्षको दस्तखतः

सम्पर्क मोबाईल नं. :

असहय एकल महिलाको हकमा

पतिको मृत्यु दर्ता नं. :

| |
|---|
| <u>कार्यालय प्रयोजनका लागिः</u><br><br>परिचयपत्र नविकरण निर्णय मितिः<br><br>भत्ताको किसिमः<br><br>परिचय पत्र नः<br><br>वडा अध्यक्षः |